।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय

## डिनको कार्यालय

### बौद्ध अध्ययन सङ्काय

प.सं. ०८२ /०८३

मिति : २०८२/०४/२२

च.नं. ४६

**"बौद्ध हाजिरीजवाफ प्रतियोगिता" सम्बन्धी सूचना**

लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन सङ्कायले राष्ट्रिय शिक्षा दिवस २०८२ को अवसर पारेर विद्यालय स्तरीय **"बौद्ध हाजिरीजवाफ प्रतियोगिता"** आयोजना गर्दै छ।

रुपन्देहीका सामुदायिक र संस्थागत विद्यालय बीचमा आयोजना हुने यस प्रतियोगिताबाट विद्यार्थीहरूमा बौद्ध ज्ञानप्रतिको जिज्ञासा जागृत हुनुका साथै उनीहरूको बौद्धिक क्षमताको विकास हुने विश्वास गरिएको छ। यसले बौद्ध शिक्षालाई व्यवहारिक रूपमा आत्मसात गर्ने अवसर प्रदान गर्नेछ।

प्रतियोगिता बौद्ध दर्शन, बुद्ध शिक्षा र बौद्ध संस्कृतिसम्बन्धी महत्वपूर्ण विषयहरूमा आधारित हुनेछ। सहभागी प्रत्येक विद्यार्थीलाई विश्वविद्यालयबाट 'बौद्ध दर्पण' नामक पुस्तक वितरण गरिनेछ। प्रतियोगितामा सहभागी हुन चाहने विद्यार्थीहरूले सो पुस्तक अध्ययन गरेर प्रतियोगिताको तयारी गर्नुपर्नेछ सम्पूर्ण प्रश्नावली सोही पुस्तकमा आधारित रहनेछ।

प्रतियोगिता दुई चरणमा सञ्चालन गरिनेछ। प्रारम्भिक चरणमा सहभागी विद्यालयहरुमध्येबाट उत्कृष्ट प्रतियोगीहरू छनोट गरिनेछन्। प्रारम्भिक चरणबाट छानिएका विद्यालयबीच अन्तिम प्रतियोगिता सञ्चालन गरिनेछ। अतः प्रतियोगितामा सहभागिताका लागि सम्पूर्ण संस्थागत तथा सामुदायिक विद्यालयलाई हार्दिक अनुरोध गर्दछौं।

नाम दर्ता गर्ने अन्तिम म्याद: २०८२ साउन ३० गतेसम्म

प्रतियोगिता सञ्चालन हुने मितिः २०८२, भदौ अन्तिम हप्ता

**थप जानकारीका लागि सम्पर्क**

बौद्ध अध्ययन सङ्काय, डीनको कार्यालय, लुम्बिनी, नेपाल

फोन: ०७१४०४०८४

इमेल: facultyofbuddhiststudies@lbu.edu.np

सम्पर्क व्यक्तिः निरा गौतम

फोन: ९८४७१९८३६६

डा. माणिक रत्न शाक्य

डीन